# एग्रीमार्ट स्थापना कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५

प्रदेश सरकार, (माननीय मूख्य मन्त्री तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री स्तर)
मिति २०७५/०७/०९ को निर्णयबाट स्वीकृत

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं.१, बिराटनगर

सचिव

# एग्रीमार्ट स्थापना कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५

**प्रदेश सरकार, माननीय मूख्य मन्त्री तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री स्तरबाट स्वीकृती प्राप्त** **मिती : २०७५/०७/०९**

पृष्ठभूमि

प्रदेश नं. १ कृषि उत्पादनको लागि प्रमूख क्षेत्र हो । कृषि क्षेत्रले प्रदेशको आर्थिक विकास, रोजगारी तथा खाद्य सुरक्षामा टेवा पुऱ्याएको छ । विगतका कार्यक्रमहरु मार्फत विभिन्न कृषि उपजहरुको उत्पादनमा बृद्धि हुदै गएको तथा आगामी वर्षहरुमा थप बृद्धि हुँदै जाने संभावना रहेको छ । उत्पादन भएको समयमा समेत कृषक तथा व्यापारीहरु बीच समन्वयको अभाव तथा बिचौलियाहरुको प्रभावले गर्दा एकातिर कृषकहरुले न्यायोचित मूल्य प्राप्त गर्न सकिरहेका छैनन् भने अर्को तर्फ उचित बजार व्यवस्थापनको अभावमा उपभोक्ताहरुले कृषि उपजहरु सहज ढंगले खरिद गर्न नसकेको अवस्था छ । बेरोजगार युवाहरुलाई व्यावसायिक कृषि प्रति आकर्षण बढाउन तथा उत्पादित कृषि उपजहरुको उचित तवरले वैज्ञानिक बजारिकरण पद्धतीको विकास गर्न विभिन्न स्थानमा एग्रीमार्ट निर्माण गर्नु अपरिहार्य देखिन्छ । यसरी स्थापना भएका एग्रीमार्ट बाट कृषकहरुको आयआर्जनमा सुधार, उत्पादन बृद्धि तथा उपभोक्ताहरुलाई गुणस्तरयुक्त कृषि उपजहरुको नियमित आपूर्ती हुने तथा आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धनमा समेत योगदान पुऱ्याउने हुँदा प्रदेश नं. १ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले प्रदेश सरकारको नीति तथा कार्यक्रममा अन्तर्निहित भावना अनुरुप बार्षिक कार्यक्रममा एग्रीमार्ट स्थापनाको कार्यक्रम स्विकृत भएको हुँदा उक्त कार्यक्रम कार्यान्वयनका लागि **"एग्रीमार्ट स्थापना कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५"** तर्जुमा गरी लागू गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो निर्देशिकाको नाम **"एग्रीमार्ट स्थापना कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५"** रहेको छ ।

ख) यो निर्देशिका प्रदेश सरकार बाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

सचिव

२) परिभाषाहरु :

क) **"प्रस्ताव"** भन्नाले व्यावसायी, निजि संस्था वा सहकारी संस्थाले एग्रीमार्ट स्थापनाको लागि अनुदान पाउन पेश गरेको अनुसुचि ३ बमोजिमको आवेदनको विवरण सम्झनुपर्दछ ।

ख) **"अनुदान"** भन्नाले यस निर्देशिका बमोजिम एग्रीमार्ट स्थापना गर्ने कार्यमा सहयोग पुर्‍याउन व्यवसायी, नीजि संस्था वा सहकारी संस्थालाई उपलब्ध गराईने नगद अनुदान रकम सम्झनुपर्दछ

ग) "आवेदक" संस्था" भन्नाले ब्यबसायी नीजि संस्था तथा सहकारी संस्थाहरु सम्झनु पर्दछ ।

घ) **"व्यावसायी"** भन्नाले सम्बन्धित सरकारी निकायमा दर्ता भै नियमानुसार व्यवसाय संचालन गर्दै आएका यस निर्देशिका अनुरुप एग्रीमार्ट स्थापनाको लागि अनुदान लिने उद्धेश्यले आवेदन दिने उद्यमीलाई सम्झनु पर्दछ ।

ङ) **"निजी संस्था"** भन्नाले निजी क्षेत्रका व्यवसायीबाट कम्पनी रजिस्टारको कार्यालय वा घरेलु तथा साना उद्योग विभाग वा वाणिज्य विभागमा दर्ता भएको संस्था भन्ने सम्झनु पर्दछ ।

च) **"सहकारी संस्था"** भन्नाले सहकारी ऐन २०७४ वा प्रदेश सहकारी ऐन बमोजिम दर्ता भएका सहकारी संस्थाहरु सम्झनु पर्दछ ।

छ) **"कार्यालय"** भन्नाले प्रदेश सरकार, प्रदेश नं.१, बिराटनगर स्थित भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय जनाउँदछ ।

ज) **"छनौट समिति"** भन्नाले परिच्छेद २ को दफा ५ अनुसार गठित समिति सम्झनुपर्दछ ।

३. उद्देश्य : **यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेको छ ।**

क. बेरोजगार युवाहरुलाई व्यावसायिक कृषि प्रति आकर्षण बढाउन तथा कृषि उपजहरुको ब्यबसायिकरण तथा बजारिकरण गर्ने

ख. गुणस्तरयुक्त कृषि उपजहरुको नियमित आपूर्ती ब्यबस्था, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धनमा योगदान पुर्‍याउने

ग. कृषि उत्पादनको सहज उपलब्धता बढाउने ।

सचिव

ज) कार्यक्रम संचालन हुने क्षेत्रमा सडक, नियमित विद्युत र खानेपानकिो सुलभ पहुँच भएको हुनु पर्नेछ ।

७. कार्यक्रम सम्बन्धी जिम्मेवारी तथा दायित्व

क) कार्यक्रम कार्यान्वयन सम्बन्धी सम्पुर्ण जिम्मेवारी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको हुने छ ।

ख) अनुदान प्राप्त गर्ने संस्थाले कार्यक्रम कार्यान्वयनमा आवश्यक पर्ने विशेषज्ञ सेवा सम्बन्धित निकाय तथा अन्य निकायहरु बाट लिन सकिने छ।

८. कार्यान्वयन प्रकृया : कार्यक्रम कार्यान्वयन देहाय बमोजिम हुनेछ ।

क) यस कार्यक्रमको संचालनको लागी प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले एग्रीमार्ट स्थापना गर्न चाहिने आवश्यक मापदण्ड (अनुसूची १) बमोजिम व्यवसायी, निजी संस्था वा सहकारी संस्था हरुलाई प्रस्तावनाका लागी कम्तिमा ३० दिनको म्याद दिई राष्ट्रिय/प्रादेशिक पत्रिका मार्फत प्रस्ताव आहवान गर्न सुचना प्रकाशन गर्नेछ ।

ख) स्कीम भागी हुन चाहनेकार्यक्रममा सह -व्यवसायिक योजना/प्रस्तावकहरुले अनुसूची-२ बमोजिमको ढाँचाको स्कीम/ व्यवसायिक योजना साथै अनुसूची ३ बमोजिमको निवेदन, सूचना अनुसार माग भए बमोजिमको आवश्यक कागजातहरु सहित दर्ता गराउनु पर्ने छ।

ग) कार्यक्रम/कृयाकलापहरुमा ५० प्रतिशत अनुदान उपलब्ध गराइनेछ ।

घ) छनौट भएका व्यवसायी, निजी संस्था वा सहकारी संस्थाले लगानी गर्ने रकमको प्रतिवद्धता जाहेर गरेको तथा यथेष्ट प्रमाणहरु (अनुसूचि ४) संलग्न गरेको हुनु पर्नेछ ।

ङ) सम्झौता भएको १५ दिन भित्र व्यवसायी, निजी संस्था वा सहकारी संस्थाले कार्य शुरु गर्नु पर्नेछ

च) सूचना प्रकाशन भए अनुरुप व्यवसायी, निजी कम्पनी वा सहकारी संस्थाले अनुसुची २ बमोजिमका सम्पुर्ण प्रमाणहरु संलग्न गरी प्रस्ताव पेश गर्न सक्नेछन ।

तर प्रदेश सरकारको रातो किताबमा कार्यक्रम संचालन गर्ने संस्था, स्थान तथा अन्य विवरण तोकी आएको खण्डमा उपदफा (ख) लागू हुने छैन ।

सचिव

९. छनौट समितिको व्यवस्था :

क) पेश भएका प्रस्तावहरुको छनौटका लागी देहाय बमोजिमको प्रस्ताव छनौट समिति गठन हुनेछ ।

| | |
|---|---|
| १. प्रमुख, कृषि व्यवसाय प्रवर्धन महाशाखा | अध्यक्ष |
| २. प्रमुख, योजना तथा अनुगमन महाशाखा | सदस्य |
| ३. अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय,प्रदेश नं.१ | सदस्य |
| ५. कृषि प्रसार अधिकृत, खाद्य सुरक्षा प्रर्वधन शाखा | सदस्य |
| ६. प्रमुख , आर्थिक प्रशासन शाखा | सदस्य |
| ७. कृषि अर्थ विज्ञ, कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास शाखा | सदस्य सचिव |

ख) आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञहरु बढीमा २ (दुई) जना लाई आमन्त्रण गर्न सकिनेछ ।

ग) मूल्याङ्कन समितिले अनुसुचि– ४ बमोजिमको ढाँचामा मूल्याङ्कन गर्ने छ। न्यूनत्तम ५० प्रतिशत अंक प्राप्त गरे मात्र योग्य मानिने छ। ५० प्रतिशत भन्दा कम अंक प्राप्त गर्ने स्किम/व्यवसायीक योजनालाई प्रतिस्पर्धामा सहभागी गराइने छैन । मूल्याङ्कन समितिले आवश्यक ठानेमा स्थलगत प्रमाणीकरण समेत गर्न सक्ने छ।

घ) मूल्यांकन तथा सिफारिस समितिले स्वीकृतिको लागि प्रदेश सरकार, भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा पेश गर्ने छ।

१०. सम्झौता

स्कीम/व्यवसायिक योजना स्वीकृत भएपछि अनुसूची –६ बमोजिमको ढाँचामा दुई पक्ष बीच सम्झौता गरिने छ।

## परिच्छेद ३

## अनुगमन, मूल्यांकन तथा भुक्तानी

११. भुक्तानी प्रकृया

क) भुक्तानी रकम अधिकतम एक तिहाई बराबरको रकम पेश्कीको रुपमा बैंक ग्यारेन्टी उपलब्ध गराईसके पश्चात दिन सकिनेछ र अन्य रकम कार्य सम्पन्न भईसकेपछि कार्य सम्पन्न प्रतिवेदन पेश गरेपछि मात्र शोधभर्नाको रुपमा भुक्तानी दिईनेछ ।पेश्की रकम प्रथम किस्ता भुक्तानी गर्दा कट्टा गरिने छ ।

सचिव

(ख) प्रथम किस्तामा कार्य सम्पन्न भएको आधारमा स्कीम/व्यवसायिक कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरुको लागत अनुसारको भुक्तानीको लागि माग भए अनुसार संयुक्त अनुगमन टोलीबाट भएको सिफारिसको आधारमा र दोश्रो किस्ता स्कीम/व्यवसायिक कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरु सम्पन्न भएको भनि संयुक्त अनुगमन टोलीबाट भएको सिफारिसको आधारमा भुक्तानी हुनेछ ।

ग) यस कार्यविधि अनुरुप उपलब्ध हुने अनुदान रकम लगायतका खर्चहरु प्रदेश सरकारको आर्थिक ऐन, नियम एवं प्रचलित अन्य कानून अनुसार सो को परिधि भित्र रही मात्र हुनेछ ।

घ) प्रत्येक किस्ता अनुदान रकम एकाउण्ड पेयी चेक मार्फत वा अनलाईन मार्फत सोझै उद्यमीको बैंकमा रकम स्थानान्तरण गरिनेछ ।

घ) भुक्तानी रकमको २ (दुई) प्रतिशत कन्टिजेन्सी कट्टा गरिनेछ ।

१२. अनुगमन र मूल्यांकन :

क) यस कार्यविधि अनुसारको एग्रीमार्ट स्थापना तथा संचालनको अनुगमन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बिराटनगर, तथा कृषि ज्ञान केन्द्र (सम्बन्धित जिल्ला) ले गर्नेछ ।

ख) आवश्यक्ता अनुसार कृषि विकास निर्देशनालय, बिराटनगर लगायत कृषि व्यवसाय प्रर्वधन तथा तालिम केन्द्रले समेत अनुगमन निरिक्षण गर्न सक्नेछ ।

ग) जडान कार्यको नियमित अनुगमन, मूल्यांकन तथा सुपरिवेक्षण भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको छनौट समिति वा समितिले तोकेको प्राविधिकबाट हुने छ ।

घ) कार्य संचालनको अनुगमन तथा सार्बजनिक सुनुवाई २ (दुई) पटक (संचालन पूर्व तथा कार्य सम्पन्न पश्चात) गर्नु पर्नेछ ।सार्बजनिक सुनुवाई मा स्थानीय सरकारका प्रतिनिधिहरु, विविन्न निकायका प्रतिनिधिहरु, कार्यालयका प्रतिनिधिहरु सहित गर्नु पर्नेछ । सार्बजनिक सुनुवाई को प्रमाणित प्रतिलिपी कार्य सम्पन्न प्रतिवेदन साथ पेश गनुपर्नेछ ।

(ङ) कार्यक्रम स्थलमा सबैले बुझ्ने भाषामा होर्डिङ बोर्ड तयार गरी अनुदान प्राप्त रकम, कामको विवरण खुल्ने गरी राखेको हुनु पर्नेछ ।

१३. प्रतिवेदन

क) कार्यक्रम कार्यान्वयन गर्ने संस्थाले किस्ता/रकम माग गर्दा स्कीम/व्यावसायिक योजना/प्रस्ताव बमोजिमका कृयाकलापहरु उल्लेख गरी प्रतिवेदन पेश गर्नु पर्नेछ । अन्तिम किस्ता भुक्तानीका लागि कार्य सम्पन्न प्रतिवेखन अनिवार्य पेश गर्नुपर्ने छ ।

ख) आवश्यक्ता अनुसार कार्यालयले माग गरेमा फर्मेट बमोजिम विवरण तथा अन्य प्रतिवदेन पेश गर्नुपर्ने छ ।

सचिव

ग) यस कार्यविधि अनुरुप उपलब्ध हुने अनुदान सम्बन्धी अभिलेखहरु सम्बन्धित कार्यालयले राख्नेछ ।

## परिच्छेद–४
## विविध

**१७. आर्थिक प्रशासन सेवा:**

कार्यक्रमको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कार्यविधि ऐन २०५५, आर्थिक कार्यविधी नियमावली २०६४, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश एवं संघिय सरकारका प्रचलित ऐन, नियम र कानून बमोजिम हुनेछ ।

**१८. कारवाहीको व्यवस्था:**

प्रस्ताव स्वीकृत स्कीम/व्यवसायिक योजना अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरिएको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानून बमोजिम कार्यवाही हुनेछ।

**१९. प्रचलित कानुन लागु हुने:**

कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानुनमा उल्लेख भएमा सोहि बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ।

**२०. बिमा:**

स्कीम/व्यावसायीक योजनाको सम्भाव्ताको आधारमा बिमा गराउनु पर्नेछ ।

**२१. बाधा अड्काउ फुकाउने (खारेजी एबं संशोधन):**

(क) यस निर्देशिका कार्यान्वयन सन्दर्भमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको हुनेछ ।

(ख) यस निर्देशिका कार्यान्वयनमा बाधा अडचन आइपरेमा वा विवाद उत्पन्न भएमा सो को निरुपण प्रचलित कानून बमोजिम हुनेछ ।

(ग) यस निर्देशिकालाई आवश्यकता अनुसार प्रदेश सरकारले खारेजी र संशोधन गर्न सक्नेछ ।

सचिव

अनुसुची १

संलग्न गर्नु पर्ने कागजपत्रहरु

क) व्यवसाय, निजी संस्था वा सहकारी संस्था दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि । नविकरण आवश्यक्ता भएमा सो समेत ।

ख) व्यवसायी, निजी संस्था वा सहकारी संस्थाको विधान वा प्रवन्ध पत्र वा नियमावलीको प्रतिलिपि ।

ग) कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि । नविकरण आवश्यक्ता भएमा सो समेत ।

घ) आवेदक संस्थाको स्वामित्वमा भएको जमिनको लालपूर्जाको प्रतिलिपी वा भाडाको हकमा कम्तीमा २० वर्षको सम्झौता भएको काजजातको प्रमाणित प्रतिलिपी ।

ङ) मान्यता प्राप्त ईन्जिनियरिङ्ग फर्म वा प्राविधिकबाट एग्रीमार्टको फलोर प्यानको डिजाईन र लागत अनुमान पेश गर्नु पर्नेछ ।

सचिव

## अनुसूची –२

## एग्रीमार्ट स्थापना तथा संचालन लागि व्यवसायीक योजनाको नमूना

व्यवसायिक योजना ढाँचा

| | |
|---|---|
| प्रस्तावित आयोजनाको नाम | |

१) आवेदक र सम्पर्क व्यक्ति सम्वन्धी विवरणः

| आवेदक संस्थाको नामः | |
|---|---|
| पूर्ण ठेगाना (पत्राचारको लागि) | |
| संस्था स्थापना भएको मिति | |
| सम्बन्धित निकायमा संस्था दर्ता भएको मिति | |
| टेलिफोन | |
| सम्पर्क व्यक्तिको नामः | |
| सम्पर्क व्यक्तिको टेलिफोनः | |
| इमेलः | |
| प्रस्तावित उप-आयोजना स्थल (कार्य क्षेत्र) | |
| प्रस्तावित आयोजनाको कूल खर्च | |
| माग गरेको कूल अनुदान रकम रु | |
| प्रस्तावकको तर्फबाट | |

२) अनुदानग्राही संस्थाको अनुभव र अन्य विवरण

| | |
|---|---|
| बिगतमा गरेका कामहरुको संक्षिप्त विवरण | |

सचिव

| | |
|---|---|
| वित्तीय, मानविय र भौतिक श्रोत | |

३) समस्या, औचित्य, उद्देश्य तथा लाभान्वित घर परविार संख्या

| | |
|---|---|
| समस्याहरु | |
| औचित्य, | |
| आयोजनाको उद्देश्यहरु | |
| लाभान्वित घर परविार संख्या (प्रत्यक्ष तथा अप्रत्यक्ष) | |

४. आयोजना संचालन प्रकृया

| | |
|---|---|
| संचालन प्रकृया | |

५. अनुदानबाट के उपलब्धि हासिल हुने छ

| | |
|---|---|
| उत्पादन | |
| जिबिकोपार्जन तथा जिवनस्तर सुधार | |
| रोजगारी तथा आर्थिक अवस्था सुधार | |
| मूल्यश्रृंखला बिकास | |
| बजार ब्यबस्थापनमा सहयोग | |

सचिव

६. आम्दानी र खर्च विश्लेषण

| आम्दानी विश्लेषण | | | | |
|---|---|---|---|---|
| बिवरण | प्रथम बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | कैफियत |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा आम्दानी | | | | |
| खर्च विश्लेषण | | | | |
| बिवरण | प्रथम बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | कैफियत |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा खर्च | | | | |
| सालाखाला मुनाफा (Gross Margin) | | | | |
| लाभ लागत अनुपात (B:C Ratio) | | | | |
| Internal rate of Return (IRR) | | | | |

सचिव

७. मुख्य प्रस्तावित कृयाकलापहरुको लागत अनुमानको विस्तृत प्रस्तावित खर्च अनुसार विवरण पेश गर्नुहोस् ।

| क्र.सं. | मुख्य कृयाकलापहरु | माग गरेको अनुदान | आवेदकको योगदान | कूल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | कूल | | | | |

सचिव

## अनुसुचि ३

## एग्रीमार्टका लागि अनुदान मागका लागी आवेदन फारम

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बिराटनगर ।

हाम्रो निजी संस्था/सहकारीबाट ................................ गाँउपालिका÷नगर÷उपमहा÷महानगरपालिका. ........................ जिल्ला अन्तर्गत .................................. स्थानमा एग्रीमार्ट स्थापनाको लागी विभिन्न कार्यहरु संचालन गर्ने लक्ष्य रहेकोले सो का लागि लागत अनुमान रु............................ मध्ये रु................................ आवेदक संस्थाबाट व्यहोरी बाँकी रु................................ अनुदान पाउने व्यवस्थाका लागि निवेदन गर्दछु÷गर्दछौं ।

संलग्न कागजहरु

१. दर्ता तथा नवीकरण भएको र स्थायी लेखा नम्बर लिएको कागजको प्रमाणित प्रतिलिपि

२. जग्गाको लालपुर्जा वा भाडामा लिएको भए तथा लिजको प्रमाणित प्रतिलिपि

३. नियमित लेखापरिक्षण प्रतिवेदन र सरकारी कर चुक्ता प्रमाणको प्रतिलिपि

४. आयोजनाको व्यावसायिक योजना, डिजाईन, स्पेसिफिकेशन तथा लागत अनुमान

५. आयोजनको बजेट श्रोतहरु

६. संस्था/कम्पनीमा हाल रहेको नगद मौज्दातको प्रमाण

७. सडक, पानी र बिजुली रहे नरहेको विवरण

८. संस्था/कम्पनीका साधारण सदस्य संख्या

निवेदक

व्यवसायी/निजी संस्था/सहकारी संस्था

फर्म/कम्पनी/व्यवसायीको सम्पर्क व्यक्ति

ठेगाना

संस्थाको छाप



सचिव

अनुसूची–४

## लागत साझेदारी गर्ने प्रतिबद्धता

श्री..............................मन्त्रालय/निर्देशनालय/कार्यालयको मिति ....................को .............मा प्रकाशित सूचना अनुसार ......................महानगरपिका/उपमहानगरपालिक/नगरपालिका/गाउँपालिका......... गाउँ/टोल बस्ने श्री...............ले लागत साझेदारीमा........................ कार्यक्रम संचालनका लागि पेश गरेको आर्थिक प्रस्ताव अनुसार कुल लगानी रु............... को............प्रतिशतले हुन आउने रु.................... अक्षरेपी ................बराबरको लगानी आफ्नो आन्तरिक श्रोतबाट बेहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

निवेदकको

दस्तखत

नाम :

मिति :

संस्थाको छाप :

सचिव

## अनुसुचि -५

### एग्रीमार्टका स्थापना कार्यक्रम कार्यान्वयनका लागि अनुदान रकम उपलब्ध गराउने आयोजना प्रस्ताव मूल्यांकन फारम

| क्र.स. | मुल्याङ्कन आधारहरु | अधिक्तम | प्रासाङ्क |
|---|---|---|---|
| १ | अनुदानग्राहि संस्थाको अनुभव | २० | |
| १.१ | विगतमा २ वा सो भन्दा बढि आयोजना संचालन गरेको भए | ५ | |
| | २ भन्दा कम आयोजना संचालनको अनुभव | ३ | |
| १.२ | बित्तिय श्रोत परिचालन | १० | |
| | रु. ५० लाख भन्दा बढि | १० | |
| | रु. २५ लाख देखि ५० लाख सम्म | ८ | |
| | रु. २५ लाख भन्दा कम | ५ | |
| १.३ | व्यवस्थापक , लेखापाल , कार्यक्रम , संयोजकले तोकिएको | ३ | |
| १.४ | नियमित लेखा परिक्षण | २ | |
| २. | स्कीम/व्यावसायिक प्राविधिक पक्ष योजना | २० | |
| २.१ | प्राविधिक संभाव्यता | ५ | |
| | अति राम्रो | ५ | |
| | राम्रो | ३ | |
| २.२ | समस्याको विश्लेषण | ५ | |
| | अति राम्रो | ५ | |
| | राम्रो | ३ | |
| २.३ | उद्देश्य | ५ | |
| | सान्दर्भिक | ५ | |
| | कम सान्दर्भिक | ३ | |
| २.४ | औचित्य | ५ | |
| | समस्या अनुसार प्रष्ट | ५ | |
| | अप्रष्ट | ३ | |
| ३. | आयोजना संचालन प्रकृया | २० | |
| ३.१ | लाभान्वित परिवार संख्या | ५ | |
| | १००० भन्दा बढि | ५ | |
| | ५०० देखि १००० | ३ | |
| | ५०० भन्दा कम | २ | |



सचिव

| क्र.स. | मुल्याङ्कन आधारहरु | अधिक्तम | प्राप्ताङ्क |
|---|---|---|---|
| ३.२ | समावेशिकरण | १५ | |
| | महिला सहभागिता | ५ | |
| | ५० प्रतिशत भन्दा बढि | ५ | |
| | ५० प्रतिशत देखि ३० प्रतिशत सम्म | ३ | |
| | ३० प्रतिशत भन्दा कम | २ | |
| | दलित | ५ | |
| | २० प्रतिशत भन्दा बढि | ५ | |
| | १० प्रतिशत देखि २० प्रतिशत सम्म | ३ | |
| | १० प्रतिशत भन्दा कम | २ | |
| | जनजाती | ५ | |
| | ५० प्रतिशत भन्दा बढि | ५ | |
| | ५० प्रतिशत देखि ३० प्रतिशत सम्म | ३ | |
| | ३० प्रतिशत भन्दा कम | २ | |
| ४. | उपलब्धी | ३० | |
| ४.१ | उत्पादन उत्पादकत्व वृद्धि | ५ | |
| | उत्साहजनक | ५ | |
| | सन्तोषजनक | ३ | |
| ४.२ | क्षेत्रफल विस्तार | ५ | |
| | उत्साहजनक | ५ | |
| | सन्तोषजनक | ३ | |
| ४.३ | सालाखाला मुनाफा (Gross margin) | ५ | |
| | राम्रो | ५ | |
| | सन्तोषजनक | ३ | |
| ४.४ | B/C ratio | ५ | |
| | राम्रो | ५ | |
| | सन्तोषजनक | ३ | |
| ४.५ | IRR | १० | |
| | राम्रो | १० | |
| | सन्तोषजनक | ५ | |
| ५ | प्रस्तावित कृयाकलाप र वित्तिय प्रस्ताव | १० | |

१७

सचिव

| क.स. | मुल्याङ्कन आधारहरु | अधिक्तम | प्राप्ताङ्क |
| --- | --- | --- | --- |
| ५.१ | प्रस्तावित कृयाकलाप र उद्देश्य तालमेल | ५ | |
| | राम्रो | ५ | |
| | सन्तोषजनक | ३ | |
| ५.२ | अनुदानग्राहिको सहभागिता | ५ | |
| | ७० प्रतिशत भन्दा बढि | ५ | |
| | ६० प्रतिशत देखि ७० प्रतिशत सम्म | ४ | |
| | ५० प्रतिशत देखि ६० प्रतिशत सम्म | २ | |

सचिव

अनुसूची - ६

## एग्रीमार्ट कार्यक्रम संचालनको लागि द्विपक्षिय सम्झौता-पत्र ॥

प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,.........................................................को आ.व................. को स्वीकृत कार्यक्रम अनुसार लागत साझेदारीमा एग्रीमार्ट कार्यक्रम संचालन गर्नको लागि मिति ................ गते प्रथम पटक................ पत्रिकामा प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये यस मन्त्रालयको मिति ...................... गतेमा बसेको प्रस्ताव छनौट समितिको बैठकबाट श्री ...............................को प्रस्ताव छनौट भएको हुँदा **(यस पछि प्रथम पक्ष भनिने)** र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं.१ विराटनगर **(यस पछि दोश्रो पक्ष भनिने)** बीच तपसिल अनुसारका शर्तहरु परिपालना गर्ने गरी द्विपक्षिय सम्झौता गरिदियौं/लियौं ।

<u>तपसिल :</u>

१. प्रस्तावित एग्रीमार्ट कार्यक्रम संचालन ................जिल्ला................ नगरपालिका ................नं. ............, को................ चौक/गाउँ/टोल भन्न ठाउँमा मिति ............... सम्ममा सम्पन्न गरिनेछ ।

२. दोश्रो पक्षले एग्रीमार्ट कार्यक्रमको लागि विनियोजित रु. ................ मध्ये २ प्रतिशत कन्टिजेन्सी वापतको कट्टा गरी प्रथम पक्षलाई रु. .............(अक्षरुपी ................) बराबरको आर्थिक अनुदान/सामग्री सहयोग प्रदान गर्नेछ र बाँकी कम्तिमा २५ प्रतिशत रकम प्रथम पक्षले व्यवस्था गरेको हुनु पर्ने ।

३. प्रथम पक्षले दोश्रो पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको डिजाईन, लागत ईष्टिमेट अनुसारका सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारीत समय भित्र सम्पन्न गर्नु पर्नेछ ।

४. कार्यक्रम संचालनका लगि आवश्क निर्माण सम्बन्धि डिजाईन, ईष्टीमेट, सुपरभिजन, रनिङ्ग विल, अन्तिम विल र कार्य सम्पन प्रतिवेदन लगायतका सबै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, संचालन र जग्गाको व्यवस्था आदि प्रथम पक्षले गर्नेछ ।

५. प्रथम पक्षले शुरुमा आफ्नो तर्फ लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट विल, दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीको लागि दोश्रो समक्ष पेश गरे पश्चात स्थगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दोश्रो पक्षको बैंक खातामा एकमुष्ट भुक्तानी दिनेछ । वा

६. नेपाल सरकाबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको रनिङ्ग विल तथा कार्य सम्पन्न प्रतिवेदन र स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दुई बराबरको किस्ता वा सम्पूर्ण कार्य सम्पन्न भएमा एकै किस्तामा समेत अनुदान रकम भुक्तानी बैंक खाता मार्फत भुक्तानी दोश्रो पक्षले गर्नेछ ।



सचिव

७. दोश्रो पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगम/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

८. कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनको लागि गरिने कार्यहरु तथा अप्रत्याशिल रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी प्रथम पक्षको हुनेछ ।

९. प्रथम पक्षले कार्यक्रम संचालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखि बोर्ड सबैले देख्ने गरी राख्नु पर्नेछ ।

१०. प्रथम पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगति, उपलब्धी एवम कारोवार सम्बन्धि विवरणहरु दोश्रो पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

११. कार्यक्रम संचालनका दौरानमा कुनै कुरा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनेछ ।

१२. समझौतामा उल्लेख हुन छुटेका विषको हकमा यस निर्देशिका, प्रचलित कानून र दुवै पक्षको सहमति अनुसार हुनेछ ।

१३. द्विपक्षिय सम्झौता मुताविकको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा दोश्रो पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम दोश्रो पक्षले सरकारी बाँकी सरह असुल उपरको प्रकृया अगाडी बढाउन सक्नेछ ।

१४. प्रथम पक्षले दोश्रो पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको डिजाईन, ईष्टिमेट र दरभाउ मेशिनरी, उपकरण र अन्य सामानहरु खरिद गर्नु पूर्व दोश्रो पक्षसंग स्वीकृत गराई सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नु पर्नेछ । यसो नगरेको खण्डमा दोश्रो पक्षले रकम भुक्तानी दिन बाध्य हुने छैन ।

**नोट : द्विपक्षिय सम्झौतामा आवश्यकता मुताविकका अन्य सान्दर्भिक बुँदाहरु थप गर्न सकिन्छ**

| दोश्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट रोहवर |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| ठेगाना : | पद : |
| कार्यालयको छाप : | |

सचिव

## परिच्छेद २

## कार्यक्रम संचालन प्रकृया

४. अनुदान प्राप्त गर्न सक्ने निकायहरु (साझेदार निकायहरु) :

क) स्थानिय तह

ख) सहकारी

ग) उद्योग बाणिज्य संघ

घ) निजी फर्म तथा उद्यमीहरु

ङ) निजी कम्पनीहरु

५. अनुदान रकम उपलब्ध हुने क्षेत्रः अनुदान रकम देहायका क्रियाकलापहरुको लागि उपलब्ध गराइनेछ ।

क) आवश्यक पर्ने पार्टेशन प्याक, रेफ्रिजिरेटर, रेफ्रिजिरेटेड डेलिभरी भ्यान लगायतका मेशिन उपकरणहरुको खरिद, जडान तथा संचालनका कार्यहरु ।

ख) विजुली बत्ति, ढल निकास, ओभरहेड ट्यांकी, पाईप फिटिङ्ग, वाटर सेनिटाईजर, वेष्ट डिस्पोजल र पानी तान्न मेशिन जडान आदि ।

६. क्षेत्र छनौटका आधारहरु

क) यस कार्यविधि अनुरुप प्रदेश नं. १ का संभाव्य र आवश्यक क्षेत्रहरुका मुख्य मुख्य ब्यापारिक केन्द्रहरुमा संचालन गर्न सकिने छ ।

ख) व्यवसायी, निजी संस्थाको हकमा कम्पनी ऐन अनुसार दर्ता भएको तथा सहकारी संस्थाको हकमा सहकारी ऐन अनुसार दर्ता भएको र मुल्य अभिवृद्धि करमा दर्ता भएको हुनु पर्नेछ ।

ग)जग्गाको स्वामित्व आवेदक संस्थाको नाममा रहेको वा कम्तीमा २० वर्षको करारनामा हुनुपर्नेछ ।

घ)एग्रीमार्ट स्थापनाको लागी प्रस्ताव पेश गर्ने आवेदक संस्थाले पूर्वाधार निर्माण तर्फ आवश्यक कोठाहरु, गोदाम घर, आदि सुविधा सम्बन्धि सम्पुर्ण संरचनाहरु निर्माण गरेको हुनु पर्नेछ ।

ङ) भौतिक संरचना निर्माणको लागी अनुदान उपलब्ध गराईने छैन । पूर्व निर्मित भौतिक संरचनामा एग्रीमार्ट स्थापना गर्न कम्तिमा ७००० वर्ग फिट क्षेत्रफलको स्थान उपलब्ध गराउनु पर्नेछ ।

च) एग्रीमार्ट स्थापनाको लागि मान्यता प्राप्त प्राविधिक फर्म वा प्राविधिकबाट पूर्व संभाव्यता अध्ययन, डिजाईन, लागत अनुमान र कार्ययोजना तयार पारि पेश गर्नु पर्नेछ ।

छ) एग्रीमार्ट संचालनको स्थलमा कम्तिमा २ वटा गाडी र ५० वटा मोटर साईकल पार्किङ्गको व्यवस्था हुनु पर्नेछ ।

सचिव